# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक १९४ | बुटवल | २०८३ साउन ०५ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday July 21, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## अनियमित खर्चको बिगबिगीः

# स्याङ्जाका पालिकाहरूमा कानुनविपरीत खर्च




**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

स्याङ्जाका स्थानीय तहले अनियमित खर्च गर्ने गरेको देखिएको छ। आर्थिक कानुनविपरीत स्थानीय तहहरूले धमाधम अनियमित खर्च गरेको देखिएको हो । कतिपय स्थानीय तहले आन्तरिक लेखापरीक्षण समेत नगरी अनियन्त्रित खर्च गरेको तथ्याङ्क  सार्वजनिक भएको छ । आर्थिक बर्ष २०८१/०८२ मा महालेखा परीक्षणकको कार्यालयले गरेको लेखापरीक्षण प्रतिवेदनमा पालिकाहरुले अनियमित खर्च बढी गरेको उल्लेख छ। महालेखाले कानुनविपरीत इन्धन, भ्रमण, सामाजिक संघसंस्थालाई चन्दा, करार कर्मचारी, सार्वजनिक खरीद ऐनविपरीतलगायतका दर्जनौ शीर्षकमा अनियमित खर्च गरेको उल्लेख गरेको छ।

जिल्लाका ११ पालिकाले ७ करोड ५६ लाख २० हजार १ सय २५ रुपैयाँ अनियमित खर्च गरेको देखिएको छ। महालेखाले उठाएको प्रश्नमा सबैभन्दा बढी योजनाबिना नियमविपरीत बजेट खर्च गरेको उल्लेख गरेको छ। प्रत्येक वर्ष महालेखाले सार्वजनिक गरेको प्रतिवेदनमा अनियमित खर्च बढ्ने गरेको भन्दै यसलाई रोक्न वा कानुनअनुसार खर्च गर्न सुझाव दिएको छ। प्रत्येक वर्ष दिएको सुझावलाई स्थानीय तहले कार्यान्वयन गर्न नसक्दा नागरिकले तिरेर बनेको बजेट जथाभावी खर्च हुने गरेको छ। ११ ओटै पालिकाहरुले आवश्यक कागतजात र प्रमाणबिना ७ करोड ६३ लाख ३६ हजार ९ सय ७ खर्च गरेको र असुल गर्नुपर्ने ८१ लाख ८ हजार १ सय २६ रुपैयाँ उल्लेख गरेको छ।

महालेखाले अनियमित खर्चलाई बेरुजुमा देखाएको छ । महालेखाले उल्लेख गरेको प्रतिवेदनमा असुल गर्नुपर्ने, प्रमाण नपुगेको र अनियमित खर्चलाई बेरुजुमा उठाउने गरेको छ । जसमध्ये अनियमित खर्च जिल्लामै सबैभन्दा बढी हुने गरेको तथ्याङ्क सार्वजनिक गरेको छ । अनियमित  खर्च गर्नेमा सबैभन्दा धेरै हरिनास गाउँपालिका देखिएको छ भने सबैभन्दा कम अनियमितता हुनेमा भीरकोट नगरपालिका देखिएको छ। हरीनास गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा २ करोड ९५ लाख ६१ हजार ३ सय ९३ रुपैयाँ अनियमित खर्च गरेको उल्लेख गरेको छ। त्यस्तै प्रमाण नपुगी रकम भुक्तानीमा समेत डरलाग्दो खर्च गरेको देखिन्छ । कागतजात प्रमाण पेश नगरी हरिनास गाउँपालिकाले ७१ लाख ४३ हजार ८ सय ३४ रुपैयाँ खर्च गरेको छ। यसैगरी उक्त आर्थिक वर्षमा ५५ हजार ८ सय ९७ रुपैयाँ असुल गर्नुपर्ने उल्लेख गरेको छ।

यसैगरी अर्जुनचौपारी गाउँपालिकाले १७ लाख ४ हजार ८ सय ७५ अनियमित खर्च गरेको छ भने कागतजात प्रमाण बिना ४ लाख १३ हजार ९ सय ४१ खर्च गरेको छ। कानुनविपरीत २ लाख ४९ हजार ३ सय ७० असुल गर्नुपर्ने महालेखाले उल्लेख गरेको छ। आँधीखोला गाउँपालिकाले ७ लाख २१ हजार ५ सय ३४ अनियमित, कागतजात बिना २१ लाख ६० हजार ५ सय ८६ रुपैयाँ खर्च गरेको उल्लेख गरेको छ भने २ लाख ९९ हजार ७ सय ४० असुल गर्नुपर्ने देखाएको छ। कालीगण्डकी गाउँपालिकाले २८ लाख ९६ हजार ७ सय ६० अनियमित, कागतजात बिना ४८ लाख ६० हजार ३ सय भुक्तानी गरको उल्लेख गरेको छ भने ७ लाख ४५ हजार २९ रुपैयाँ असुल गर्नुपर्ने देखाएको छ।

फेदिखोला गाउँपालिकाले ८७ लाख ५६ हजार ८ सय ३८ अनियमित, कागतजात बिना ७ लाख ५९ हजार ७७ भुक्तानी दिएको छ भने १ लाख ६३ हजार ४ सय ८५ रुपैयाँ असुल गर्नुपर्ने उल्लेख गरेको छ । बिरुवा गाउँपालिकाले १० लाख ८८ हजार २ सय ९७ अनियमित, कागतजात बिना ७ लाख ५९ हजार ७६ रुपैयाँ खर्च गरेको छ भने ४१ हजार १ सय १५ रुपैयाँ असुल गर्नुपर्ने महालेखाले जनाएको छ। नगरपालिकातर्फ गल्याङ नगरपालिकाले १ करोड १२ लाख ५० हजार २ सय ५६ अनियमित, कागतजात बिना १ करोड ६९ लाख १३ हजार ५ सय ५७ रुपैयाँ खर्च गरेको छ भने ८ लाख ३ हजार ३ सय ३५ असुल गर्नुपर्ने उल्लेख गरेको छ।

चापाकोट नगरपालिकाले  ७० लाख ७२ हजार ३ सय ७३ अनियमित, कागतजात बिना २९ लाख ३७ हजार ६ सय २२ रुपैयाँ भुक्तानी र ४५ लाख ६ हजार १ सय ६० रुपैयाँ असुल गर्नुपर्ने देखाएको छ। असुल गर्नुपर्ने रकममा चापाकोट नगरपालिका सबैभन्दा अब्बल देखिएको छ । पुतलीबजार नगरपालिकाले ३६ लाख ८५ हजार १ सय १४ अनियमित, २९ लाख ३७ हजार ६ सय २२ कागतजात बिना भुक्तानी गरेको छ भने ५१ हजार ६ सय ४५ रुपैयाँ असुल गर्नुपर्ने उल्लेख गरिदिएको छ । भीरकोट नगरपालिकाले ८ लाख २८ हजार अनियमित, ११ लाख १८ हजार ६ सय ८ कागतजात प्रमाण बिना भुक्तानी दिएको छ भने ४ लाख ६० हजार ३ सय ९६ असुल गर्नुपर्ने उल्लेख गरेको छ। यसैगरी वालिङ नगरपालिकाले ८० लाख ५४ हजार ६ सय ८५ अनियमित, कागतजात प्रमाण बिना ३ करोड ६८ लाख १७ हजार ४७ रुपैयाँ भुक्तानी र ७ लाख ३१ हजार ९ सय ५४ असुल गर्नुपर्ने महालेखाले सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख गरेको छ।

जिल्लाका सबै पालिकाको बेरुजु १३ करोड ८१ लाख २० हजार ६७ रुपैयाँ देखिएको छ भने कागतजात प्रमाण बिना ७ करोड ६३ लाख ३६  हजार ९ सय ७ भुक्तानी गरेर बेरुजुमा देखिएको छ। सरकारी बजेट खर्चलाई पारदर्शी र सुशासन बनाउन महालेखा परीक्षक कार्यालयले भुमिका खेले पनि कतिपय खर्चलाई महालेखाले नै लुकाइदिँदा सरकारी निकायमा जथाभावी खर्च बढ्ने गरेको आर्थिक विज्ञहरु बताउँछन् । यसलाई नियन्त्रण गर्न जनताबाट चुनिएका जनप्रतिनिधिहरु नै अग्रसर हुनुपर्ने उनीहरुको जिकिर छ।

## एमाले पुनर्गठन प्रतिवेदन लेख्न महासचिव तीन दिन बिदामा

बुटवल । एमालेले फागुन २१ को निर्वाचनको समीक्षा र पार्टी पुनर्गठनका निम्ति गठन गरेको कार्यदलको प्रतिवेदन तयार पार्न महासचिव शंकर पोखरेल 'छुट्टीमा' बसेका छन् ।

एमाले प्रचार विभाग प्रमुख निरज आचार्यले तीन/चार दिन पार्टी कार्यालय नआउने जानकारी दिँदै उनी प्रतिवेदन लेखनमा व्यस्त भएको बताए। 'प्रतिवेदन लेखेर सिध्याउनु छ, चार दिन जति आउँदिन भन्नुभएको थियो।'-उनले भने।

गत असार २५ गते सम्पन्न कार्यदलको बैठकले प्रतिवेदन लेख्ने जिम्मा कार्यदलका संयोजक तथा पार्टी उपाध्यक्ष रामबहादुर थापा 'बादल' र महासचिव शंकर पोखरेललाई दिएको थियो।

त्यसअघि पार्टीका विभिन्न तहमा निर्वाचन समीक्षा र पुनर्गठनसम्बन्धी विमर्श गरिएको थियो । ती विमर्शको निष्कर्षलाई प्रतिवेदनमा उतार्ने तयारी छ।

प्रतिवेदनमा लेखिने विषयका बारेमा विविध दबाब बढेपछि महासचिव पोखरेल एक्लै बसेर प्रतिवेदन तयार पार्ने काममा जुटेका हुन् । त्यसक्रममा उनले उपाध्यक्ष बादलसँग पनि समन्वय गरिरहेको एमालेस्रोत जनाएको छ।

प्रतिवेदन तयार भएपछि फेरि कार्यदलको बैठक बसेर त्यसलाई पारित गरिने र त्यसपछि पार्टीको केन्द्रीय सचिवलाय बैठकमा पेश गरिने भएको छ।

स्रोतका अनुसार अध्यक्ष केपी शर्मा ओलीले आफ्नो वहिर्गमनबाहेकका विषयमात्र प्रतिवेदनमा उल्लेख गर्न दबाब दिएका छन् । महासचिव पोखरेलले भने विभिन्न भेला र छलफलमा उठेका विषयहरुको टिपोट गरिएको र त्यसकै आधारमा प्रतिवेदन लेखिने भन्दै आएका छन् । सात प्रदेशमा भएका समीक्षा बैठक र एमाले युवाहरुले गरेको मत सर्वेक्षणमा ८० प्रतिशत बढीले पार्टी नेतृत्व परिवर्तन हुनुपर्ने पक्षमा मत जाहेर गरेका थिए। तर अध्यक्ष ओलीले देशभित्र र विदेशमा रहेका पार्टी नेता कार्यकर्ताको अभिमतलाई बेवास्ता गर्दै नेतृत्व नछाड्ने हठ लिएका छन् ।

## चार सय पालिकाको जग्गा कित्ताकाटमा रोक

बुटवल। देशभरिका करिब ४ सय महानगरपालिका, नगरपालिका र गाउँपालिकामा जग्गा कित्ताकाट रोकिएको छ।

भूउपयोग ऐन, २०७६ तथा भूउपयोग नियमावली, २०७९ अनुसार भूमिको समुचित उपयोग र प्रभावकारी व्यवस्थापनका लागि अनिवार्य गर्नुपर्ने वर्गीकरण नगरेका सबै नगरपालिका र गाउँपालिकामा कित्ताकाट रोकिएको हो।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्ट वर्गीकरण नभएका कुनै पनि पालिकामा साउनदेखि जग्गा कित्ताकाट गर्न नपाइने बताउँछन्।

भट्टका अनुसार अंशबण्डा, अदालतको आदेशले कित्ताकाट गर्नु भनेको अवस्थामा बाहेक कित्ताकाट रोकिएको हो।

सरकारले २०८२ कात्तिकमा भूउपयोग नियमावली संशोधन गरेर २०८३ असारसम्मका लागि वर्गीकरण नभएका पालिकामा पनि कित्ताकाट गर्न पाइने प्रावधान राखेको थियो । नियमावली बनेको साढे तीन वर्ष भइसक्दा पनि ७५३ मध्ये आधा पालिकाले पनि वर्गीकरण गरेको छैन।

साढे तीन सय भन्दा बढी पालिकाले जग्गा वर्गीकरण गरिसकेको नापी विभागका सूचना अधिकारी दयानन्द जोशी बताउँछन्। वर्गीकरण भएका पालिकाको नाम संकलन गर्न क्रम जारी रहेको जोशीले जानकारी दिए।

कृषियोग्य भूमि संरक्षणका लागि सरकारले कित्ताकाट अघि नै जग्गाको वर्गीकरण अनिवार्य गरेको हो।

गाउँपालिका राष्ट्रिय महासंघ नेपालकी अध्यक्ष लक्ष्मी न्यौपाने जग्गा वर्गीकरण गर्ने म्याद थप्नु पर्ने बताउँछिन्। पालिकाहरूले कोशिस गर्दा गर्दै दक्ष जनशक्तिको अभावमा वर्गीकरण गर्न समय लागेको उनको भनाइ छ।

'जग्गा वर्गीकरण पालिकाको जटिल मध्येको एउटा काम हो। सरकारले म्याद थपेर तत्काललाई कित्ताकाट खोल्न पाउने व्यवस्था गर्नुपर्दछ।'- अध्यक्ष पाण्डे भन्छिन्।

## चालु आवमा नयाँ कर्मचारी भर्ना नहुने

बुटवल । सरकारले चालू आर्थिक वर्षमा कुनै पनि सरकारी कार्यालयमा नयाँ कर्मचारी भर्ना नगर्ने निर्णय गरेको छ।

मुख्यसचिव गोविन्दबहादुर कार्कीको अध्यक्षतामा बसेको सचिवहरूको बैठकले स्थायी पदपूर्तिका लागि लोकसेवा आयोगमा माग नगर्न निर्देशन दिएको छ।

मन्त्रालयको संख्या कटौती र दरबन्दी मिलानका क्रममा फाजिलमा परेका कर्मचारी व्यवस्थापन गर्नुपर्ने भएकाले सरकारले नयाँ भर्नामा रोक लगाएको हो।

सरकारी कार्यालयहरूले स्थायी पदपूर्तिका लागि लोक सेवा आयोग समक्ष कुनै पनि माग गर्न पाउने छैनन्।

मुख्यसचिव गोविन्दबहादुर कार्की नेतृत्वमा सोमबार गरेरको सचिवहरूको बैठकले यस्तो निर्णय गरेको हो । यो निर्णयसँगै सरकारी सेवाका लागि तयारी गरिरहेका व्यक्तिहरू प्रभावित हुने भएका छन्।

नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुरूप नेपाल सरकारका विभिन्न दरबन्दीहरू घट्दा फाजिलमा पर्ने कर्मचारी व्यवस्थापन गर्नुपर्ने भएकाले सरकारले नयाँ दरबन्दीहरू खडा र भर्ना गर्ने काम रोक्न लागेको हो । 'चालु आर्थिक वर्ष प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्वीकृति बिना नेपाल सरकारका कुनै पनि कार्यालयले स्थायी पदपूर्ति नगर्ने र स्थायी पदपूर्तिका लागि लोकसेवा आयोगमा माग नगर्ने, नगराउने' सचिव बैठकको निर्णयमा छ।

सरकारले यो वर्ष मन्त्रालयहरूको संख्या २२ बाट घटाएर १८ मा झारेको छ। कतिपय निकायहरू गाभिएका छन्। यी सबै कारणले यसअघि नै स्थायी पदपूर्ति भएका कर्मचारीहरूलाई काम व्यवस्थापन गर्नुपर्ने भएकाले सरकारले नयाँ भर्नामा रोक लगाएको हो।

## अब नागरिक मर्दा पनि कर तिर्नुपर्ने ?

बुटवल । सुशासनको नारा दिएर झण्डै दुई तिहाई वहुमत पाएको बालेन्द्र शाह नेतृत्वको सरकारमा अबदेखि मृत्युपश्चात् पनि कर लाग्ने भएको छ। शिक्षा र स्वास्थ्य क्षेत्रमा ३ प्रतिशत अतिरिक्त 'समता शुल्क' बढाउने सरकारको निर्णयले शवगृह (मर्चुअरी) मा शव राख्दा समेत कर तिर्नुपर्ने भएको हो।

यो व्यवस्था यही साउन १ देखि कार्यान्वयनमा आएको छ। जसअनुसार निजी विद्यालय र निजी अस्पतालहरूले नागरिकसँग लिने सेवा शुल्कमा ३ प्रतिशत समता शुल्क थपिएको हो। यसले निजी अस्पतालमा उपचार गराउँदा र निजी विद्यालयमा पढाउँदा लाग्ने खर्च बढेको छ।

बालेन सरकारका अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले अस्पतालहरूले दिने अन्य स्वास्थ्य सेवामा कर बढाउँदा शवगृहमा शव राखेबापत लाग्ने शुल्कमा पनि ३ प्रतिशत कर थपिएको हो। काठमाडौंका ठूला निजी अस्पतालहरू नर्भिक, मेडिसिटी, ग्रान्डी लगायत निजी मेडिकल कलेजमा शवगृह छन् । ती अस्पतालहरूले शवगृहमा राखेवापत रकम लिने गरेका छन्। सरकारको निर्णयसँगै अब शव राखेवापत पनि कर तिर्नु पर्नेछ।

निजी अस्पतालहरूको छाता संगठन (अफिन)का अध्यक्ष डा. पदम खड्काका अनुसार सरकारको निर्णय अनुसार अस्पताल गएर उपचार गराएपछि 'बिलिङ' भएजति सबै रकमको कर तिर्नुपर्छ। उनका अनुसार अब शवगृहमा शव राखेबापतदेखि उपचार गराउन एम्बुलेन्समा आए, चिकित्सकलाई भेटे, औषधि किनेबापतका सबै रकममा ३ प्रतिशत कर तिर्नुपर्छ।

'बिरामीलाई ढाड सेक्न सरकारले कर बढाएको छ। अब अस्पताल आएर रकम तिर्नुपऱ्यो भने सबैमा ३ प्रतिशत कर जोडेर आउँछ, चाहे त्यो शवगृहमा राखेको किन नहोस्, सबैमा कर तिर्नुपर्छ।'- उनले भने।

उनी सरकारले आफूहरूलाई कर उठाउने 'कलेक्टर' बनाएको आरोप लगाउँछन्।

'सरकारले निजी अस्पतालमा उपचार गराएबापत बिरामीलाई दण्ड सजाय दिएको छ । हामीलाई थप कर उठाउनु भनेर कलेक्टर बनाइएको छ,' उनी थप्छन्- 'अग्रगामी परिवर्तन गर्ने भनेर आएको सरकारले कर उठाउनु भनेपछि उठाउनु नै पऱ्यो।' अफिन अध्यक्ष खड्का कर नबढाउन पटक-पटक आग्रह गर्दा पनि सरकार पछि नहटेकाले अब सरकारको विरोध नगर्ने बताउँछन्।

'अब हामी विरोध गर्दैनौं । धैरै पटक भन्यौं, केही भएन, अब कर उठाउँछौं,' उनले थपे- 'सरकार गरिब दुःखी जनताका लागि होइन, सुकिला-मुकिलाहरूको हो भन्ने प्रस्ट भइसकेको छ, अब कति विरोध गर्नु !'

अर्थमन्त्री स्वर्णिम वाग्लेले आर्थिक विधेयकमार्फत निजी शिक्षण संस्था, विद्यालय र कलेजमा पढ्ने विद्यार्थी र निजी अस्पतालमा उपचार गराउने बिरामीबाट ३ प्रतिशत कर उठाउने घोषणा गरेका थिए। आर्थिक विधेयकमार्फत निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवा सञ्चालन गर्ने व्यक्तिले बिरामीबाट असुल गर्ने सबै प्रकारका सेवा शुल्कमा ३ प्रतिशतका दरले नै स्वास्थ्य समता शुल्क लगाई असुलउपर गर्ने उल्लेख छ।


» बाँकी ३ पेजमा





## सम्पादकीय

# अस्थिरताको चक्रव्यूहलाई तोड

प्रदेश सरकार सञ्चालनका सवालमा सत्ता साझेदार दुई दल एमाले र कांग्रेसबिचको असमझदारी सतहमा आएपछि प्रदेशमा हलचल पैदा भएको छ । सुदुरपश्चिम प्रदेशबाट सुरु भएको विवाद सातै प्रदेशमा देखिएको छ । यसले प्रदेश सरकारमा अस्थिरता उत्पन्न भएको छ । चुनाव नजिकिँदै गर्दा मिलेर सरकार चलाउने भावनाबाट भन्दा नयाँ ढंगले गठबन्धन बनाउने रणनीतिमा दलहरु जुटेका छन् । संसदीय व्यवस्थामा सरकार आउने र जाने सामान्य विषय हो, तर दलहरु सत्ताको खेलमा लागेर अस्थिरता उत्पन्न भइ हुने नकारात्मक पाटोलाई हेक्का राख्नुपर्छ ।

सुदुरपश्चिम प्रदेशमा एमालेले बजेट पारित हुन दिएन् । मुख्यमन्त्री कमलबहादुर शाहले एमालेका मन्त्रीहरुलाई बर्खास्त गरे । सत्ता गठबन्धनमा खटपट हुँदै अघि बढेको कर्णाली प्रदेश सरकारबाट कांग्रेसका मन्त्रीहरुले राजीनामा दिएका छन् । एमाले अध्यक्ष केपी ओलीले कांग्रेस, एमाले र नेकपाबिच सत्ता साझेदारी हुनुपर्ने शर्त अघि सारेपछि कांग्रेसले तीन दलको साझेदारी हुन नसक्ने र त्यसमा आफू सामेल नहुने स्पष्ट पारेको छ । अहिले नेकपासँग सत्ता साझेदारीको साँचो आइपुगेको छ । प्रमुख दलहरु सरकार बनाउनका लागि आपसमा छलफल थालेका छन् । कांग्रेस केन्द्रको निर्देशन अवज्ञा गर्दै लुम्बिनी सहित चार प्रदेशबाट मन्त्रीहरुले राजीनामा दिन अस्वीकार गरेपछि तरंग उत्पन्न भएको छ । प्रदेश संरचना नयाँ हो, यो संरचनालाई नागरिकको नजरमा कामयाव बनाउन दलहरुले ध्यान नदिएको आभास हुँदैछ । केन्द्रको सत्ता समिकरण फेरबदल हुनेबित्तिकै प्रदेशमा पनि त्यसको असर देखिने प्रवृत्ति मौलाएको छ । यसले प्रदेश संरचना छुट्टै हो भन्ने सन्देश दलहरुले दिइरहेका छैनन् । संघीयता कार्यान्वयनको यो नौ वर्षमा प्रदेशमा सरकार गठन र विघटनको दुष्चक्रमा फसेको छ । प्रदेशलाई कामयाव बनाउन विगतमा जे जति हुनुपर्ने हो, दलहरुले प्रयाप्त काम गर्न सकेनन् । संघीयता कार्यान्वयनसँग सम्बन्धित कानुन नबन्दा प्रदेशको काम छैन भन्नेहरुलाई बल पुगेको छ । संघीय शासन प्रणालीको महत्वपूर्ण खम्बा प्रदेशलाई कामकाजी बनाउन र नागरिकको अपनत्व बढाउन अझै मिहिनेत गर्न आवश्यक छ । त्योभन्दा पहिले अहिले सत्ताको अस्वभाविक हानथापबाट जोगिएर स्वभाविक ढंगले सरकार बन्ने प्रक्रियामा जानु उत्तम हुन्छ । दलहरुले अनावश्यक हानथाप र अतिरञ्जित गरी आरोप प्रत्यारोप लगाउने काम पटक्कै राम्रो होइन् ।

दुई वर्षअघि केन्द्रमा एमाले र कांग्रेसबिच सत्ता साझेदारीको सहमति बन्यो । केन्द्रमा केपी ओलीले शेरबहादुर देउवालाई सत्ता सुम्पिएसँगै प्रदेशमा पनि सत्ता हेरफेर हुने भनिएको थियो । जेनजी विद्रोहपछि केपी ओलीको बर्हिगमन भएपछि स्वभाविक रुपमा त्यो सहमति कायम हुन सकेन् । कांग्रेसमा नेतृत्व परिर्वतन भएपछि र जेन जी विद्रोहलाई हेर्ने दृष्टिकोणमा कांग्रेस र एमालेबिच फरक धार देखिएपछि प्रदेश सरकार केबल प्राविधिक ढंगले मात्रै चलेका थिए । सरकारको कामलाई गति दिनका लागि हो भने अनावश्यक हानथाप होइन्, स्वभाविक ढंगले दृष्टिकोण मिल्ने दलहरुबिच सहकार्य हुनुपर्छ, जसले प्रदेश संरचनालाई गतिशील र भरोसायोग्य बनाओस् ।

# सेयर बजारले नाघ्यो २७ सय अंक, एक महिनाकै उच्च

काठमाडौं । सेयर बजारले वृद्धिलाई निरन्तरता दिएको छ । अघिल्लो कारोबार दिन शुक्रबार ७९ अंक बढेको बजार यो साताको सुरुवातको दिन सोमबार ४१.७० अंक (१.५५ प्रतिशत) बढेको छ ।

लगातार दुई कारोबार दिनमै सेयर बजार १२० अंक बढेको छ । वृद्धिसँगै नेप्से परिसूचक २७१९ अंकमा कायम भएको छ । यो अंक एक महिनाकै उच्चतम हो । जेठ २९ गते २७२४ अंकमा रहेको नेप्से त्यसयताकै उच्चतम अंक सोमबार छोएको छ ।

दिनभरजसो बजार हरियो रह्यो । बन्द हुँदाको नेप्सेको अंक कारोबार अवधिभरको उच्चतम अंक पनि हो । यो सहित लगातार पाँचौं दिन बजार बढेको हो ।

कारोबार रकम पनि बढेको छ । अघिल्लो दिन ४ अर्ब ५३ करोडको कारोबार भएकोमा ५ अर्ब १५ करोडको भयो । २३९ कम्पनीको मूल्य बढ्दा ३२ को घट्यो भने ५ को स्थिर रह्यो ।

उत्पादन तथा प्रशोधन समूह सबैभन्दा धेरै ३.२१ प्रतिशत बढ्यो । त्यस्तै अन्य समूह २.८१, जलविद्युत् २.७९, बैंकिङ ०.५५, विकास बैंक १.४८, फाइनान्स ०.९३, होटल तथा पर्यटन १.९८, लगानी १.५५, जीवन बीमा ०.८४, माइक्रोफाइनान्स ०.३७, निर्जीवन बिमा ०.४४ तथा व्यापार समूह १.१४ प्रतिशत बढे ।

हालै सूचीकृत भएको नयाँ कम्पनी एभरेस्ट कलरको मूल्य १५ प्रतिशत बढ्यो । रिजलाइन इनर्जीको १३.९५, श्रीनगर एग्रिटेकको १०.९५, सोलु हाइड्रोपावरको ९.९३, दिव्यश्वरी हाइड्रोपावरको ८.६२, हाथवे इन्भेस्टमेन्टको ८.६१ तथा शिखर पावरको ७.८३ प्रतिशत मूल्य बढ्यो ।

आत्मनिर्भर लघुवित्तको मूल्य ६.८६ तथा कर्पोरेट डेभलपमेन्ट बैंकको मूल्य ६.८५ प्रतिशत घट्यो । आज रकमका आधारमा धेरै कारोबार भएका कम्पनीमा आँखुखोला जलविद्युत्, रिलायन्स स्पिनिङ मिल्स, रिडी पावर, कर्पोरेट डेभलपमेन्ट बैंक, नेसनल हाइड्रोपावर, एसवाई प्यानल, अपी पावर, एनआरएन इन्फ्रास्ट्रक्चर, हिमालय रिइन्स्योरेन्स छन् ।

# प्रजातन्त्र र लोकतन्त्रपछि अब सनकतन्त्रीय अभ्यास !



**देवप्रकाश त्रिपाठी**

हो, हिजो हामीले प्रजातन्त्रको मुद्दा उठाउँदा राष्ट्रियताको महत्व लत्यायौं र राष्ट्रियताका मुद्दा उठाउँदा पनि प्रजातन्त्रलाई ओझेल पार्ने कार्य गरेका हौं । यतिबेलाचाहिँ आँखा बन्द गरेर राष्ट्र र राष्ट्रियताका पक्षमा दृढतापूर्वक उभिनैपर्ने समय आएको छ, होइन भने नेपाली राष्ट्रियता र प्रजातन्त्रको अन्त्यष्टि एकसाथ हुने समय निकट बन्दैछ, समयको गम्भीरतालाई बुझौं, जय मातृभूमि !!

प्रकृतिले वायुको नत्थी र जलको बन्धनमा नराखिदिएको भए मानिसजति अराजक र स्वच्छन्द प्राणी शायद प्रकृति स्वयम पनि हुने थिएन । प्रकृति एउटा नियममा चल्ने गर्छ, सौम्य र रमणीयता मात्र होइन उसको रौद्ररूप पनि नियमभित्रै पर्छ । शक्तिको अदम्य श्रोतको स्वामी भएर पनि प्रकृति नियमसम्मत ब्यवहार गर्दछ । ग्रहहरूले सूर्यलाई एकनास एउटै प्रक्रियाबाट घुम्ने, सौर्य परिवारले ग्यालेक्सीको चक्कर लगाउने र ग्यालेक्सीले ब्ल्याकहोलको फन्को मार्ने कार्यलाई प्रकृतिको नियमका रूपमा बुझ्नु उपयुक्त हुन्छ । कुनै तारा या ग्रहले अलिकति पनि नियम भङ्ग गर्‍यो भने सृष्टि क्षणभरमा भताभुङ्ग हुनसक्छ । नियममा चल्ने भएकैले कहाँ, कुन अवस्थामा, कहिले वर्षात हुन्छ र कहिले कस्तो प्रकारको प्राकृतिक स्थिति रहन्छ भनी मानिसले समेत थाहा पाउने भएका हुन् । तर, मानिसले मौका पाउँदा या सनक चढ्दा केसम्म गर्न सक्छ भन्ने कुराको चाहिँ पूरा अनुमान गर्न सकिँदैन । त्यसैले विवेकसमेत भएका मानिसले मानिसको व्यवस्थापनका निम्ति नियम कानून र प्रणालीको परिकल्पना गरेका हुन् ।

शरीर र हाउभाउले उस्तै देखिने भएकाले प्राणीका रूपमा सबै मानिस बराबर हुन् भन्ने मानिन्छ । तर सबै मानिसमा विवेकीय गुण हुँदैन, विवेकीय गुणबिनाका मानिस पशु समान हुन्छन् । यस्ता मानिसमा खाने, सुत्ने, मैथुन गर्ने, आफ्ना निम्ति सङ्ग्रह गर्ने र लड्ने (झगडा गर्ने) पाँच गुण मात्र हुन्छन् र यिनै पाँच गुणको अधीनमा रहेर यिनको पुरै जिन्दगी बित्ने गर्दछ । विवेक छैठौं गुण हो, जुन मानिसमा हुनसक्छ तर सबैमा यो गुण हुन्छ भन्ने होइन । विवेकबिनाका मानिसले पशुवत जिन्दगी बिताउने हुनाले यिनका निम्ति नियम र कानूनको ब्यवस्था गर्नुपरेको हो र प्रजातन्त्र पनि मानिसकै ब्यवस्थापनका निम्ति परिकल्पना गरिएको राजनीतिक विचार हो । प्रजातन्त्रले सबै मानिसलाई बराबरी अवसर उपलब्ध गराउँछ र निरन्तर परिवर्तनको मानवीय स्वभावलाई सम्बोधन गर्ने क्षमता पनि प्रजातन्त्रमै रहन्छ । तर, प्रजातन्त्रको सफल प्रयोग त्यस्तो समाज या देशमा मात्र हुनसक्छ, जहाँ विवेकीय मानिसको अधिकता रहन्छ ।

प्रजातन्त्र कार्यान्वयनका निम्ति सम्विधान र कानूनको निर्माण गरिन्छ, अनि ब्यवस्थापकीय दायित्व निर्वाह गर्नका निम्ति आवधिक निर्वाचनमार्फत कार्यकारी निकाय खडा गरिन्छ । निर्वाचित प्रतिनिधि या सरकारले देश समाज र जनताको हित सुनिश्चित गर्न नसक्दा त्यसलाई कसरी बदल्ने या विस्थापित गर्ने भन्ने स्पष्ट प्रावधान पनि सम्विधान र कानूनमा समेटिएको हुन्छ । संवैधानिक र कानूनी प्रक्रिया भन्दा बाहिर सडक अर्थात् सङ्घर्षबाट परिवर्तन खोज्नुपर्ने स्थिति उत्पन्न हुँदै नहोस् भनेर स्थापना गरिएको प्रजातन्त्रमा पनि मानिसले सरकार बदल्नका निम्ति सडक सङ्घर्ष गर्नुपर्ने हुन्छ भने त्यस्तो मुलुकमा या त जङ्गली चेतका मानिसको बाहुल्य रहेको भनेर बुझ्नुपर्ने हुन्छ, या प्रणालीमै कहीँ सुधारयोग्य खोट रहेको हुनसक्छ या देखिने प्रणाली र पात्र भन्दा पछाडिपट्टी निर्णायक तहमा कुनै अदृष्य शक्तिको भूमिका प्रधान रहेको भनेर बुझ्न सकिन्छ । जङ्गलीचेत भन्नाले नियम-कानूनभन्दा माथि बल अर्थात् शक्ति रहेको मान्नु र बलकै आधारमा आफ्नो अनुकुल अवस्था सिर्जना गर्न खोज्ने प्रवृत्ति हो । जङ्गलमा जो बलियो हुन्छ उसकै शासन चल्छ, उ भन्दा बलवान् अर्को प्रकट नहुँदासम्म शासक परिवर्तन हुने गर्दैन र यही क्रमले निरन्तरता पाइरहेको हुन्छ । शक्तिशालीको इच्छामा जङ्गलको दैनिकी निर्धारण हुनेगर्छ, त्यहाँ बलशालीको सनकबाहेक अर्को कुनै नियम कानूनले काम गर्दैन ।

नेपालमा हामीले पटक-पटक प्रजातन्त्र स्थापना गरेर पनि चल्न नसक्नुको एउटा प्रमुख कारण शासक र शासित दुवैथरी जङ्गली चेतबाट मूक्त हुन नसक्नुलाई मान्न सकिन्छ । अर्को प्रमुख कारण यो देशमा आफू अनुकुल सत्ता र सरकार निर्माण गर्ने बाह्यशक्ति बीचको होडबाजीलाई मानिन्छ । बडामहाराजाधिराज पृथ्वीनारायण शाहले आधुनिक नेपालको स्थापना गर्नुभएयताको अधिकाङ्श समय हामीले सत्ता सङ्घर्षमै बिताएका छौं । माओवादीले बहुदलीय संसदीय प्रजातन्त्रविरूद्ध हिंसात्मक विध्वङ्श गरेर लोकतन्त्रका नाममा स्थापना गरेको पनि बहुदलीय संसदीय प्रजातन्त्र नै हो र पुरानो प्रणाली तथा पात्रलाई विस्थापन गरेपछि सबै समस्याको समाधान हुनसक्छ भन्ने भ्रम सिर्जना गर्दै आएकाहरूले यतिबेला अभ्यास गरिरहेको प्रणाली पनि बहुदलीय र संसदीय नै हो ।

२०४६ को परिवर्तन भन्दा अगाडि करिब तीन दशकसम्म हामीले सक्रिय राजासहितको दलविहीन प्रजातन्त्र अवलम्बन गरेका थियौं । त्यसअघिको एक दशक पनि बहुदलीय प्रजातन्त्रकै नाममा बिताएका थियौं । प्रणाली बदलेर जुन प्रकारको प्रजातन्त्र स्थापना गरेको भएपनि हाम्रा सोच र ब्यबहार बदलिएनछ । हिजो इतिहासको एउटा कालखण्डमा पाँडेहरूको शासन चल्थ्यो, पाँडेहरूलाई परास्त गर्दै थापाहरू शासक भूमिकामा प्रकट भए । आफू शासनमा आएपछि पाँडे लगायतका विरोधीहरूलाई थापाहरूले देशमा बाँच्नसम्म पनि नमिल्नेगरी खेद्ने काम गरे । तीस वर्षसम्म थापाहरूको शासन चल्यो, दरबारभित्रको सत्ता षड्यन्त्रका कारण थापाहरू मर्नुपर्ने या भाग्नुपर्ने स्थितिमा पुगे र अकल्पनीय ढङ्गबाट जङ्गबहादुरको अगुवाईमा राणाहरूको शासन सुरु भयो । जङ्गबहादुरको कार्यकाल नेपाली राष्ट्रियताका निम्ति फलदायी रहेपनि सत्ता प्रतिकुल भूमिकाका पात्रहरूले १०४ वर्षसम्म प्रताडित भएरै रहनुपरेको थियो । २००७ सालमा नयाँदिल्ली हुँदै डोलीमा प्रजातन्त्र भित्र्याइएपछि पनि शासक भूमिकाका मानिसको ब्यवहारमा नयाँपन आम मानिसले महसूस गरेनन् ।

हिजो राणाहरूको भावभङ्गिमा जस्तो प्रकारको देखिन्थ्यो विपक्षीहरूप्रति नयाँ शासकहरूको ब्यवहारमा कुनै अन्तर देखिएन । निर्दलीय पञ्चायतले पनि शर्तरहित प्रजातन्त्रको अभ्यास गरेको पाइएन । राजाको सक्रिय नेतृत्व र निर्दलीयताप्रति असहमति जनाउनेहरूले त्यस्तै अवस्थाको सामना गर्नुपर्‍यो, जस्तो पाँडे शासनमा थापाले, थापा शासनमा अरुहरूले र राणाकालमा उनीहरूको कार्यशैलीप्रति बिमति जनाउनेहरूले ब्यहोर्नुपरेको थियो । बहुदलीय प्रजातन्त्रसमेत सबैको साझा बन्न कतिपय अर्थमा सकेन । सत्तापक्षका निम्ति अवसरको बाढी, विपक्षी जतिसुकै योग्य र इमान्दार भएपनि दोस्रो दर्जाको नागरिक सरह उपेक्षित भैरहनुपर्ने नियति प्रजातन्त्रमा पनि देखियो, भोगिदैछ । भान्से र तिनले रुचाएका मानिसले मात्र खान पाउने, परिवारका बाँकी सदस्यले अवसरका निम्ति पाँच वर्ष पर्खनुपर्ने भएपछि प्रजातन्त्र सबैका लागि र सधैका निम्ति हुन सकेन, हुनसक्ने देखिएन ।

जननिर्वाचित सरकारलाई माहुरीको गुडमा झैं सिंहदरबार, संसद भवन र सर्वोच्च अदालतमा आगो झोस्दै भगाएर आउनेहरूको सरकार यतिबेला मुलुकमा छ । सम्भवतः पुनः अरु कसैले आगो लगाएर नभगाएसम्म यिनकै राज चलिरहनेछ, किनकि अर्को आवधिक निर्वाचनसम्म पर्खनु हुँदैन र पर्खनु पर्दैन भन्ने सन्देश वर्तमान सरकारधारीहरूले नै दिइसकेका छन् । पुरानो मान्छे अयोग्य र पुरानो तरिका एवम् शासनशैली गलत भन्दै मान्छेको ध्यान आफूतिर आकर्षित गरेर सरकार सञ्चालनको उच्च जिम्मेवारी पाउन सफल भएकाहरूले सम्विधान, नियम र कानूनभन्दा माथिको ब्यवहार देखाइरहेछन् । सत्ता पाउन हिंसा र दादागिरी गर्नेहरू राजकाज पनि ठ्याक्कै त्यही शैलीमा गर्दैछन् । लहड या सनकमा आफूलाई लागेको काम गर्न संविधान र कानूनले बाधा नपुर्‍याए विधि मान्ने र विधि बाधक बने विधिसमेत लत्याएर काम लिने जुन शैली कथित नयाँहरूले अवलम्बन गरिरहेका छन् यसले संसारका कुनैपनि तानाशाही सत्तालाई माथ गरेको छ ।

कालो चस्माभित्र शिकारी आँखा लुकाएर हेर्ने, कालो मनलाई कालै बस्त्रले बेरेर छोप्ने, रचनात्मकता शुन्य र बिध्वङ्सकता प्रधान कार्य-ब्यवहार प्रस्तुत गर्ने, भीमसेन थापाकै शैलीमा सर्वसाधारण मानिस र विपक्षीहरूप्रति निर्दयी ब्यवहार गर्ने, निश्चित जातीय र धार्मिक समुदायप्रति बैरभाव राख्ने, राज्यको मर्यादा र पारम्परिक मान्यताहरूलाई जङ्गली सुङ्गुरको शैलीमा उधिन्ने र भत्काउने, आलोचना सुन्न किन्चित नचाहने, आफूलाई चुनौती दिन खोज्ने हरेकलाई चङ्गेज खाले झैं प्रतिशोध लिने तर इदी अमिनले झैं विरोधीहरूको मुटु निकालेर खाइहाल्ने कामचाहिँ नगर्नेहरूको शासन यतिबेला हामी नेपालीहरू ब्यहोर्दै छौं । पात्र फेरिए, प्रवृत्ति फेरिएको महसूस हामीले गर्न पाएका छैनौं, शासक फेरिए तर सास्ती फेरिएन, बरू गम्भीर प्रकृतिका राष्ट्रिय सङ्कट निम्त्याइने खतराका सङ्केतहरू देखापरेका छन् ।

पृथ्वीमा राज्यहरूको विकास भएयताका हज्जारौं वर्षको इतिहासमा पहिलोपटक संसदमा उभिएर 'हामीले छिमेकीको जग्गा मिचेका छौं' भन्ने प्रधानमन्त्री पायौं । अब छिमेकीसँग साध सीमानाको मुद्दालाई लिएर छलफल नै गर्न नसकिने गरी कुराको किनारा लागेको छ । धनाढ्यहरूको घर जलाएर यो देशमा धनिहरू सूरक्षित रहन सक्दैनन् भन्ने सन्देश दिएर सरकारमा आएकाहरूले ब्यवशायीहरूमाथि सुरु गरेको धरपकडका कारण ब्यवशायीहरूमा आतङ्क मच्चिएको छ, हज्जारौंले देश छोडिसकेका छन् । आफूहरू बाहेक सबैको सम्पत्तिमाथि शुद्धिकरणको डण्डा चलाउनेहरूले निजी क्षेत्रलाई थप आतङ्कित तुल्याउन उनीहरूमाथि समेत अख्तियार दुरुपयोगको आँखालाग्ने परिस्थिति निर्माण गर्न खोजिँदैछ । उता गरीब र सुकुम्बासीहरूलाई यसरी लखेटिएको छ कि तिनलाई नेपाल आफ्नो देश नभएको अनुभूति गराउन खोजिँदैछ ! कर्मचारी प्रशासनलाई कार्यमुखी बनाउन आवश्यक थियो, तर प्रशासनभित्र भाँडभैलो मच्चाएर 'म नै राज्य हुँ' भन्ने लुईकालीन अभ्यासको पुनरावृत्ति वान्छनीय थिएन, होइन ।

हो, हिजो (जेनजेडको नाममा भएको बिध्वङ्सभन्दा अगाडिको समय) लोकतन्त्रको नाममा कर्मचारीको शासन थियो, त्यसलाई सुधार गर्दै जनभावनाअनुरुप कानूनी शासनको अभ्यास हुनुपर्नेमा कर्मचारी हाबी भएको लोकतन्त्रको स्थानमा बर्दीधारीले स्पेस पाउने अभ्यास भएको महसूस गरिँदैछ । यो भन्दापनि खतरनाक पक्षचाहिँ राजकाजको काममा बाह्यशक्तिको भूमिकालाई अधिक महत्व दिँदै जाने परिस्थिति सिर्जना गरिएको छ । भारतसङ्गको सुपुर्दगी सन्धि गर्ने क्रममा संसद्लाई छल्न टनकपुर प्रकरणमा गिरिजाप्रसादले अपनाएको काइते शैलीलाई समेत माथ गर्दै जुन तरिका अपनाइयो यसले यिनिहरू राष्ट्रविरुद्ध जुनसुकै स्तरको अपराध गर्न पनि तयार रहेको प्रमाणित गर्न खोज्दैछ ।

कथित नयाँहरूको अराजक क्रियाकलापले नेपालबाट पलायन हुनेहरूको संख्या मात्र बढाएको होइन अन्ततः राष्ट्रिय सार्वभौमिकता र अस्मिता नै सङ्कटग्रस्त अवस्थामा पुर्‍याइदिएको छ । हामीले विभिन्न कालखण्डमा अभ्यास गरेको प्रजातन्त्र, लोकतन्त्र र निरङ्कुशतन्त्र बीच सारभूत अन्तर भेटिन्न । शासक र प्रणाली जस्तो भए पनि हामीले सम्पूर्ण समस्याको समाधान ब्यक्तिबाट हुने ठान्दै आएका छौं । संविधान, कानून, प्रणाली, ब्यवस्था र सस्थागत प्रक्रियाभन्दा व्यक्तिमाथि भरोसा राख्ने हाम्रो चेतमा परिवर्तन नआएसम्म यो मुलुकमा प्रजातन्त्र सफल हुन सम्भव छैन । निरंकुशता विस्थापित गरेर स्थापित गरिएको प्रजातन्त्र र प्रजातन्त्र विस्थापित गरेर ल्याइएको लोकतन्त्र भन्दा पनि वर्तमानमा हामीले भोगिरहेको सनकतन्त्र ज्यादा खतरनाक रहेकामहसूस गरिँदैछ । यिनको कार्यब्यवहार मुलुकमा गृहयुद्ध निम्त्याउनेतर्फ अग्रसर छ, देशमा देश बचाउनुपर्छ भन्ने नेपाली कोही छन् भने तिनले ढिला नगरिकन एकतावद्ध हुन प्रयास गर्नुपर्ने समय आएको छ ।

हो, हिजो हामीले प्रजातन्त्रको मुद्दा उठाउँदा राष्ट्रियताको महत्व लत्यायौं र राष्ट्रियताका मुद्दा उठाउँदा पनि प्रजातन्त्रलाई ओझेल पार्ने कार्य गरेका हौं । यतिबेलाचाहिँ आँखा बन्द गरेर राष्ट्र र राष्ट्रियताका पक्षमा दृढतापूर्वक उभिनैपर्ने समय आएको छ, होइन भने नेपाली राष्ट्रियता र प्रजातन्त्रको अन्त्यष्टि एकसाथ हुने समय निकट बन्दैछ, समयको गम्भीरतालाई बुझौं, जय मातृभूमि !! घटना र विचारबाट

# क्यान्सरको जोखिम कसरी कम गर्ने ?



क्यान्सरको जोखिमलाई स्वस्थ जीवनशैली, सन्तुलित आहार र नियमित स्वास्थ्य परीक्षणमार्फत निकै कम गर्न सकिन्छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार लगभग ३० देखि ५० प्रतिशत क्यान्सरका घटनाहरूलाई पूर्वसतर्कता अपनाएर रोकथाम गर्न सकिन्छ ।

क्यान्सरबाट बच्नका लागि स्वस्थ र सन्तुलित आहारको भूमिका सबैभन्दा महत्त्वपूर्ण हुने क्यान्सर रोग विशेषज्ञ डा. उज्वल चालिसे बताउँछन् ।

उनका अनुसार दैनिक खानामा ताजा फलफूल, हरिया तरकारी, दाल, अण्डा र माछा जस्ता पोषक तत्त्वयुक्त खानेकुरा समावेश गर्ने र चिनीको मात्रा कम गर्नाले क्यान्सरको जोखिम न्यूनीकरण हुन्छ ।

साथै, धेरै तेल भएका, अत्यधिक प्रशोधित गरिएका र फास्टफुडको प्रयोग कम गरेर पनि क्यान्सर लाग्ने सम्भावनालाई घटाउन सकिने उनको भनाइ छ ।

**क्यान्सरको जोखिम कम गर्ने मुख्य उपायहरू:**

धूम्रपान र सुर्तीजन्य पदार्थको पूर्ण त्यागः सुर्तीजन्य पदार्थको सेवन क्यान्सरको प्रमुख कारक तत्व हो, त्यसैले यसबाट टाढै रहनुपर्छ ।

खानपानमा विशेष ध्यानः दैनिक आहारमा एन्टिअक्सिडेन्टयुक्त फलफूल र तरकारी बढाउने तथा जंक फुड पूर्ण रूपमा कम गर्ने ।

**नियमित व्यायामः**

तौललाई नियन्त्रणमा राख्न र शरीरको प्रतिरोधात्मक क्षमता बलियो बनाउन दैनिक शारीरिक रूपमा सक्रिय रहने ।

**रक्सीको सेवनमा नियन्त्रणः**

मदिराजन्य पदार्थको अत्यधिक सेवनले विभिन्न प्रकारका क्यान्सरको जोखिम बढाउने हुँदा यसलाई नियन्त्रण वा पूर्णरूपमा बन्द गर्ने ।

**घामको हानिकारक किरणबाट बच्नेः**

छालाको क्यान्सरबाट बच्न चर्को घाममा हिँड्दा सनस्क्रिनको प्रयोग गर्ने वा छाता ओढ्ने जस्ता सुरक्षात्मक उपाय अपनाउने ।

**नियमित स्वास्थ्य परीक्षण (स्क्रीनिङ):**

समय-समयमा स्वास्थ्य परीक्षण गर्दा शरीरमा क्यान्सरका प्रारम्भिक लक्षणहरू समयमै पत्ता लाग्छन् र उपचार सहज हुन्छ । स्वास्थ्य खबरबाट

## मोटरेबल पुल बनेपछि प्रयोगविहीन 'झोलुङ्गे पुल'



दाङ। कुनै समय बरदान सावित बनेको दाङको राजपुर गाउँपालिकाको जङ्गहवा र लमही नगरपालिकाको जहरे जोड्ने झोलुङ्गे पुल अहिले प्रयोगविहीन बनेको छ। यहाँ मोटरेबल पुल बनेपछि लमही र राजपुर जोड्ने एउटा प्रभावकारी माध्यम बनेको उक्त पुल अहिले प्रयोगविहीन बनेको हो।

केही वर्ष पहिले राप्ती नदीका अधिकांश ठाउँमा डुङ्गाबाट जोखिमपूर्ण यात्रा गरिरहेको अवस्थामा उक्त पुलले निकै सहज बनाएको थियो। सोही पुलको १०० मिटर नजिकै पक्की मोटरेबल पुल बनेपछि अहिले झोलुङ्गे पुल प्रयोगविहीन बनेको स्थानीय बताउँछन्।

"पहिले यो पुल निकै प्रयोग हुन्थ्यो, बरदानजस्तै बनेको थियो", राजपुर निवासी रमेश बुढाले भने-"तर, नजिकै मोटरेबल पुल बनेपछि प्रयोग हुन छाडेको छ।" कुनै समय यो पुलले वारपार गर्न निकै सहज हुने गरेकामा प्रयोग हुन छोडेपछि जीर्ण बन्दै गएको उनको भनाइ छ। राजपुर गाउँपालिकासँग राजमार्गको सम्बन्ध नहुँदा यही पुलले सम्बन्ध जोडेको थियो।

अहिले उक्त पुल प्रयोगविहीन भएकाले यसलाई निकालेर अन्य पुल नभएको ठाउँमा लैजान सकिएमा डुङ्गाबाट यात्रा गरिरहेका नागरिकलाई सहज हुने बुढाले बताए। "धेरै ठाउँमा पुल छैनन्, तर, यहाँ एकै ठाउँमा दुई वटा पुल भएकाले अन्य स्थानमा स्थानान्तरण गर्दा हुने देखिन्छ", उनले भने-"यसलाई निकालेर पुल नभएको ठाउँमा लैजान सकिए त्यहाँका नागरिकलाई सहज हुन्थ्यो।"

यस क्षेत्रका अधिकांश ठाउँमा अहिले पनि डुङ्गाको सहारा लिनुपर्ने अवस्था रहेको भन्दै उनले यसमा सरोकार भएका निकायको ध्यानाकर्षण गराए। उनका अनुसार रु ३५ करोड लागतमा २८० मिटर लामो पुल बनेको छ। उक्त पुल बनेपछि सवारीसाधन आवतजावत गर्न सहज भएको छ। सोही पुल तारेर हुलाकी राजमार्गमा पनि यात्रा गर्न जान सकिन्छ।

करिब चार वर्षअघि यहाँ मोटरेबल पुल निर्माण भएको थियो। पुल निर्माण भए पनि सोही ठाउँको सडक भने स्तरोन्नति हुन सकेको छैन। यहाँबाट भारतसँग जोडिएका विभिन्न नाकामा आउजान गर्न सकिन्छ।

---

**अब नागरिक** ...

उक्त कर गुणस्तरीय शिक्षा, स्वास्थ्यको पहुँच विस्तार र पूर्वाधार निर्माणमा खर्च गर्ने उल्लेख छ।

त्यस्ता शुल्क बीजक जारी गरी असुल गर्नुपर्ने र असुल गरेपछि आन्तरिक राजस्व कार्यालयमार्फत दाखिला गर्नुपर्ने विधेयकमा व्यवस्था गरिएको छ। विधेयकअनुसार प्रत्येक चौमासिकअनुसार कर रकम नबुझाए जरिवाना लाग्नेछ।

सरकारको निर्णय अनुसार अब ओपीडी सेवाबापत १ हजार लिएका अस्पतालले एक हजार ३० रुपैयाँ लिने छन्। उपचारवापत १ लाख खर्च भए ३ हजार रुपैयाँ कर तिर्नुपर्छ।

'निजी अस्पताल र स्कुल जनताको बाध्यता नभई रहर बनाउन त कता हो कता, आफूले त्यो आधारभूत अधिकारसमेत दिन नसक्दा उल्टै किन निजीमा मरेको भनेर बाँच्ने आसमा निजी अस्पताल गएको मृतक नागरिकको बिलमा कर लगाउने वाग्ले सरको जय होस्।'- वरिष्ठ मुटुरोग विशेषज्ञ डा. रामेश कोइरालाले एक्समा लेखेका छन्।

उनले सरकारी अस्पतालले यहाँ उपचार हुन्न भनेर बिरामीलाई निजी अस्पतालमा लगेपछि मृत्यु भयो भने अस्पतालको बिलमा लासको कर पनि जोडिने भन्दै विरोध गरेका छन्।

विसं २०६५ सालमा तत्कालीन अर्थमन्त्री डा. बाबुराम भट्टराईले 'स्वास्थ्य सेवा कर' भन्दै निजी अस्पतालमा उपचार गराउँदा ५ प्रतिशत कर लिने नीति अघि सारेका थिए। विरोध भएपछि सरकारले यो निर्णय फिर्ता लिएको थियो।

निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थाले विद्यार्थीबाट असुल गर्ने सबै प्रकारका शुल्कमा तीन प्रतिशतका दरले शिक्षा समता शुल्क लगाइएको छ। यसमा निजी विद्यालय, कलेज, प्राविधिक शिक्षालय, मेडिकल र इन्जिनियरिङ कलेजसमेत पर्छन्।

तर, निजी तथा आवासीय विद्यालयको संगठन (प्याब्सन)ले तीन प्रतिशत बढेको करसहित बिल नपठाउन विद्यालयहरूलाई आग्रह गरेको छ। विद्यालयहरूले अभिभावकलाई तीन प्रतिशत बढेको करसहितको बिल पठाउन थालेपछि प्याब्सनले यस्तो आग्रह गरेको हो।

'हामीले तत्काल ३ प्रतिशत करसहित बिल नपठाउन आग्रह गरेका छौँ, सबै अभिभावकहरूले यो रकम तिर्न सक्नुहुन्न,' प्याब्सनका महासचिव आरबी कटुवालले भने-'सरकारलाई आग्रह गरेका छौँ, कर घट्छ भन्नेमा हामी आश्वस्त छौँ।'

उनले ३ प्रतिशत करसहित पठाएको बिलको रकम तिरे पनि पछि फिर्ता हुने बताए।

प्याब्सन महासचिव कटुवाल सरकारलाई आफ्नो निर्णय फिर्ता लिन आग्रह गर्छन्। संविधानविपरीत सरकारले निर्णय गरेको भन्दै उनले निजी विद्यालयमा पढाएबापत दण्ड नदिन पनि सरकारलाई आग्रह गरे।

'महिनाको २० देखि ५० हजार तिरेर पढाएका अभिभावकलाई त यो गाह्रो भएन। तर दुःख गरेर थोरै कमाइमा बाबजुद निजी विद्यालय पढाएका अभिभावकहरू मारमा पर्छन्। ती अभिभावकलाई सरकारले निजी विद्यालयमा छोराछोरी पढाएबापत दण्ड दियो,' उनी भन्छन्- 'जनतासँग प्रत्यक्ष जोडिएको विषयमा विषयमा यसरी निर्णय गर्न हुँदैन, सरकारले निर्णय फिर्ता लिनु पर्छ।'

विधेयकअनुसार अब विद्यालयमा मात्रै होइन, तालिम तथा पुनर्ताजगी तालिम प्रदान गर्ने संस्थाबाहेक निजी क्षेत्रबाट सञ्चालित विश्वविद्यालय, महाविद्यालय, विद्यालय तथा प्राविधिक शिक्षालयलगायत जुनसुकै किसिमको शिक्षा प्रदान गर्ने निकायमा अध्ययन गर्ने विद्यार्थीहरूले यो शुल्क तिर्नुपर्नेछ।

तर, गैरनाफामूलक सार्वजनिक शैक्षिक गुठीअन्तर्गत सञ्चालित शिक्षण संस्थालाई भने यो शिक्षा समता शुल्क लाग्ने छैन।

सरकारको यो निर्णयको चौतर्फी विरोध सुरु भएको छ। संविधानले नागरिकको मौलिक हकका रूपमा ग्यारेन्टी गरेका यी दुई संवेदनशील क्षेत्रमा करको भार थपिएपछि आलोचना बढेको हो। यो निर्णय पुनर्विचार गर्न अभिभावक, विद्यार्थी संगठन, निजी शिक्षण संस्था, स्वास्थ्य संस्था सञ्चालक, उपभोक्ता अधिकारकर्मीले सरकारलाई आग्रह गरिरहेका छन्। तर सरकारले नागरिकका आवाज नसुने जस्तै गरिरहेको छ।

## पहिरोमा पुरिँदा एक जनाको मृत्यु



वालिङ। स्याङ्जाको गल्याङ नगरपालिकामा पहिरोमा पुरिँदा एक जनाको मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालय स्याङ्जाका अनुसार गल्याङ नगरपालिका-६ बन्पालेका ६६ वर्षीय धनबहादुर थापाको पहिरोमा पुरिएर मृत्यु भएको हो। माटोले बनेको खुला छाप्रोमुनि कच्ची गोठमा काम गरिरहेका बेला माथिबाट आएको पहिरोले गोठसहित थापालाई पुरेको थियो।

घटनाको जानकारी प्राप्त हुनासाथ प्रहरी चौकी पिडीखोलाबाट प्रहरी सहायक निरीक्षक पदमबहादुर थापाको नेतृत्वमा प्रहरी टोली घटनास्थल पुगेको थियो। स्थानीयवासी र प्रहरीको संयुक्त प्रयासमा पहिरो हटाउने कार्य गरिएको थियो।

पहिरो हटाउँदा धनबहादुर थापा गोठभित्र मृत अवस्थामा फेला परेको जिल्ला प्रहरीले जनाएको छ। घटनामा गोठभित्र रहेको एक भैँसीको पनि मृत्यु भएको छ भने एक बंगुर घाइते भएको प्रहरीले जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाले जनाएको छ।

## कार्यालय सरेकोबारे सूचना

यस नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड, अर्घाखाँची शाखा कार्यालय यहि मिति २०८३/०४/०१ गतेदेखि सन्धिखर्क नगरपालिका वडा नं. १ शान्तिबगैंचादेखि करिव ४०० मि. उत्तरतर्फ सन्धिखर्क नगरपालिका वडा नं.१ (मञ्चलाइन) मा बजाज सोरुम रहेको घरको पहिलो तलामा सरेको व्यहोरा जानकारी गराइन्छ।




National Life
for a secure future....

फोन नं.: ०७७-४२०७८८, ०१-४५१४७९९, वेभ: WWW.nationallife.com.np

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय प्रशासन शाखा
सिद्धार्थनगर, रुपन्देही

### सिफारिस सम्बन्धमा



**जो जससँग सम्बन्ध छ।**

**प्रकाशित मिति: २०८३/०४/०५ गते**

जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका वडा नं. १० बस्ने डिल बहादुर रानाले आफू भारतीय भू.पु. सैनिक नं. JC 172635 K IGR TS No.149435 सुवेदार पदको पेन्सनर रहेकोमा निजको पत्नीले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर छेटा माया राना र जन्म मिति वि.सं. २००५/०६/१५ (ई.सं. ३०-०९-१९४८) र पेन्सन अभिलेखमा पत्नीको नामथर Chheta Maya र जन्म मिति ई.सं. ०१-०७- १९५० उल्लेख भई पेन्सनरको पत्नीको नामथर र जन्म मिति फरक परेता पनि व्यक्ति फरक नभई एकै रहेको व्यहोरा प्रमाणित गरीपाँउ भनी यस कार्यालयमा निवेदन पेश गर्नु भएकोमा सम्बन्धित बुटवल उपमहानगरपालिका १० नं. वडा कार्यालयको च.नं. १४७१ मिति २०८३/०३/१७ को सिफारिस पत्रबाट समेत लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि सिफारिस गरिएको छ।

प्रमुख जिल्ला अधिकारी

## बिजौरी आयुर्वेद चिकित्सालयमा बिरामीको आकर्षण बढ्दो



दाङ। दाङको बिजौरीस्थित प्रादेशिक आयुर्वेद चिकित्सालयमा उपचारका लागि आउने बिरामीको संख्या उल्लेख्य रूपमा बढेको छ। आयुर्वेद उपचारप्रति नागरिकको विश्वास बढ्दै गएसँगै लुम्बिनी प्रदेश सरकारले चिकित्सालयलाई ५० शय्यामा स्तरोन्नति गर्ने निर्णय गरिसकेको छ।

चिकित्सालयका निमित्त निर्देशक डा. प्रवेश श्रीवास्तवका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा एक लाख ६२ हजार ५४२ जनाले विभिन्न सेवा लिएका छन्। यस अवधिमा नौ हजार ४०२ जनाले पाइल्स तथा फिस्टुला, छ हजार ६६० जनाले अम्लपित्त र छ हजार २३१ जनाले वातसम्बन्धी रोगको उपचार गराएका छन्।

उनका अनुसार चिकित्सालयले परम्परागत आयुर्वेद उपचारसँगै आधुनिक प्रविधिमा आधारित सेवा विस्तार गरेको छ। पूर्णकालीन पञ्चकर्म सेवा, क्षारसूत्र शल्यक्रिया तथा मानसिक रोगसम्बन्धी विशिष्टीकृत सेवा नियमित रूपमा सञ्चालन हुँदै आएका छन्।

सेवाग्राहीलाई सहज सेवा उपलब्ध गराउन चिकित्सालयले डिजिटल वडापत्र र टोकन प्रणाली लागू गरेको छ। बालबालिकाको स्वास्थ्य प्रवर्द्धन तथा रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धिका लागि पाँच हजार ३७९ बालबालिकालाई डिजिटल प्रणालीमार्फत स्वर्णविन्दु प्राशन गराइएको डा श्रीवास्तवले जानकारी दिए।

प्रयोगशाला सेवामा पनि सुधार गरिएको छ। आधुनिक सीएलआईए, एनालाइजर तथा डिजिटल एक्सरे उपकरण सञ्चालनमा आएपछि रोग पहिचान र उपचार अझ प्रभावकारी बनेको उनको भनाइ छ। सेवाको गुणस्तर मापन गर्ने एमएसएस स्कोर ८४.९३ पुगेको चिकित्सालयले जनाएको छ।

बिरामीको चाप बढ्दै जाँदा जनशक्ति र भौतिक पूर्वाधार भने चुनौतीका रूपमा रहेका छन्। चिकित्सालयमा स्वीकृत ३५ दरबन्दीमध्ये हाल २१ जना मात्र स्थायी कर्मचारी कार्यरत छन् भने ११औँ तहको निर्देशकसहितका महत्त्वपूर्ण विशेषज्ञ पद रिक्त छन्।

हालको अन्तरङ्ग भवन पुरानो र साँघुरो भएकाले बढ्दो सेवाको चाप व्यवस्थापन गर्न कठिनाइ भइरहेको र छुट्टै प्रशासनिक भवन आवश्यक रहेको डा श्रीवास्तवले बताए। आफ्नै औषधि उत्पादनका लागि निर्माणाधीन भवन अझै हस्तान्तरण हुन नसकेको तथा ढल व्यवस्थापनसम्बन्धी समस्या समाधानलाई पनि चिकित्सालयले आगामी योजनामा प्राथमिकता दिएको उनले जानकारी दिए।

**नेपाल रेडक्रस सोसाइटी**
**नवलपरासी पश्चिम जिल्ला शाखा, परासी**

### रक्तसंचार प्रयोगशाला सामग्रीहरुको खरिद सम्बन्धी शिलबन्दी बोलपत्र सूचना

**प्रथम पटक प्रकाशित मिति:२०८३/०४/०५ गते**

नेपाल रेडक्रस सोसाइटी नवलपरासी पश्चिम जिल्ला शाखा अन्तरगत संचालित रक्तसंचार सेवाका लागि आ.व.२०८३/०८४ मा आवश्यक पर्ने प्रयोगशालाका सामाग्रीहरु खरिद गर्नुपर्ने भएकोले मू.अ.क. VAT मा दर्ता भएको इच्छुक प्रयोगशाला सामाग्री आपूर्तिकर्ताहरुले (फर्म दर्ता,नवीकरण एवं कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि) सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र निम्न शर्तको अधिनमा रही यस जिल्ला शाखामा कार्यालय समयभित्र शिलबन्दी कोटेशन पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. प्रयोगशाला सामाग्रीको विवरण सहितको सिलबन्दी बोलपत्र कोटेशन फारम रु.२०००।०० अक्षरेपी रु दुई हजार मात्र तिरी (फिर्ता नहुने गरी फर्म दर्ता, नवीकरण एवं कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि सहित) यस जिल्ला शाखामा आवेदन पेश गरी शाखाबाट खरिद गर्न सकिने छ।
२. शिलवन्दी कोटेशन पत्रको खाम बाहिर फर्मको नाम ठेगाना स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ।
३. आवश्यक्ताको आधारमा सम्झौता गरी पटक पटक गरी प्रयोगशाला सामाग्री खरिद गरिने छ।
४. शिलवन्दी कोटेशन सम्बन्धि अन्तिम निर्णय गर्ने अधिकार यस जिल्ला शाखामा सूरक्षित रहने छ
५. शिलवन्दी कोटेशन खोल्ने समयमा आपूर्तिकर्ता फर्महरुको अनुपस्थितिले शिलबन्दी कोटेशन खोल्न बाधा हुने छैन।
६. शिलबन्दी कोटेशन फर्म भर्दा आफूले कबोल गरेको रकमको २.५ प्रतिशतले हुन आउने रकम धरौटी बापत रकम नेपाल रेडक्रस सोसाइटी नवलपरासी पश्चिम जिल्ला शाखाको कुमारी बैकको खाता नं. ०५००२४९७४३४००००१ मा जम्मा गरी सोको सकलै बैक भौचर संलग्न गरी पेश गर्नुपर्ने छ।
७. अन्य जानकारीको लागि फोन नं.०७८५२०१२५

**शिलबन्दी कोटेशन खोल्ने मिति:२०८३ श्रावण २० गते सो दिन बिदा परेमा भोलिपल्ट शिलबन्दी कोटेशन खोलिने छ।**

**समय दिनको १.३० बजे**
**स्थान: रेडक्रस कार्यालय भवन परासी**

**लायन डिष्ट्रिलरी प्रा. लि.**
**सुनवल न.पा. -२, नवलपरासी**

### मूल्य सूची सम्बन्धी सूचना

यस उद्योगबाट उत्पादित निम्न ब्रान्डका मदिराहरु नेपाल अधिराज्यभित्र विक्री वितरण गर्न आ.व.२०८३/०८४ को लागि मिति २०८३ /०४/ ०५ गतेदेखि लागू हुने गरी निम्न बमोजिमको मूल्य कायम गरिएको हुँदा सम्बन्धित सबैको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ब्राण्डको नाम | यू.पि. शक्ति | एम.एल | डिलर मूल्य मू.अ.क.समेत प्रति कार्टून | डलर कमिसन मू.अ.क.समेत प्रति कार्टून | होलसेल मूल्य मू.अ.क.समेत प्रति कार्टून | होलसेल कमिशन मू.अ.क.समेत प्रति कार्टून | रिटेल मूल्य मू.अ.क.समेत प्रति कार्टून | रिटेल कमिशन मू.अ.क.समेत प्रति कार्टून | उपभोक्ता मूल्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | प्रति कार्टून | प्रति बोत्तल |
| कसमिस सौफ, जलवा, गोल्डेन कोलालि सोफि, लायन्स किसमिस, LION'S किसमिस सौंफ | ७० | ३०० | १०७५.७६ | १६.९५ | १०९२.७१ | १६.९५ | ११०९.६६ | २४०.३४ | १३५०.०० | ४५.०० |
| WILD TIGER | ७० | ३०० | २०००.१० | १००.५७ | २१००.६७ | १००.५७ | २२०१.२४ | ७९८.७६ | ३०००.०० | १००.०० |
| LION'S BOBBY ,जेट , BLACK TIGER | ७० | ३०० | १२५९.९५ | ३५.०३ | १२९४.९८ | ३५.०३ | १३३०.०१ | ६१९.९९ | १९५०.०० | ६५.०० |
| LIONS LOVE ,८००० हिमचुली, JALPARI EXTRA DRY | ७० | ३०० | १२००.०६ | ३०.५१ | १२३०.५७ | ३०.५१ | १२६१.०८ | ५३८.९२ | १८००.०० | ६०.०० |
| LION GOLD | ७० | ३०० | १२७६.९० | ३०.५१ | १३०७.४१ | ३०.५१ | १३३७.९२ | ६१२.०८ | १९५०.०० | ६५.०० |

नोट : उल्लेखित मूल्यमा अन्तःशुल्क,मु.अ.कर,समावेश गरिएको छ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

२०८३ साउन ०५ गते, मंगलबार
Tuesday July 21, 2026

न.प.जि.प्र.का.द.नं.४/०४५/०४६ दैनिक लुम्बिनी



**पूजा–आरधाना गर्न देवघाटमा भक्तजनको भीडः**
साउनको पहिलो सोमबार पवित्र तीर्थस्थल देवघाटस्थित त्रिशुली र कालीगण्डकी नदीको बेणीसङ्गममा स्नान, पूजा-आराधना तथा दर्शन गर्न आएका भक्तजन। साउन महिनाभर भगवान् शिवको महिना मानिने भएकाले यस महिनाको प्रत्येक सोमबार देवघाटमा भक्तजनको भीड लाग्ने गर्दछ। तस्विरः रासस

# अझै भएन लुम्बिनी प्रदेशमा रोपाइँ पूरा



भैरहवा । साउनको पहिलो साता बित्न लाग्दा समेत लुम्बिनी प्रदेशमा सोचे अनूरुप रोपाई भएको छैन।

मौसमको प्रतिकूलता र मनसुनको असमान वितरणका कारण धेरैजसो कृषि क्षेत्रहरूमा धान रोपाइँ हुन नसकेको हो । प्रदेशभरि धान रोपाइँको अवस्था निकै मिश्रित देखिएको छ भने कुल धानयोग्य जमिनमध्ये अझै करिब २० प्रतिशत खेतहरू बाँझै रहेका छन । कृषि विकास निर्देशनालयका अनुसार भौगोलिक बनावट, सिँचाइको पहुँच र वर्षाको मात्रा अनुसार फरक-फरक जिल्लामा रोपाइँको गति भिन्न देखिएको हो । पहाडी भेगका जिल्लाहरू र पर्याप्त सिँचाइ सुविधा उपलब्ध भएका खेतहरूमा किसानले समयमै रोपाइँ सकाएका भए पनि तराईका केही भागमा भने पानीको अभावका कारणले रोपाइँको काम अझै सकिएको छैन।

विशेष गरी लामो समयसम्म परेको खडेरी, ढिलो गरी सुरु भएको मनसुन र ठाउँ-ठाउँमा मात्र हुने खण्डवृष्टिका कारण किसानहरूले ठूलो सास्ती खेप्नुपरेको छ। लुम्बिनी प्रदेश कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयअन्तर्गतको कृषि विकास निर्देशनालयको तथ्याङ्क अनुसार साउन १ गतेसम्म प्रदेशभर ८०.६४ प्रतिशत मात्र रोपाइँ सम्पन्न भएको छ । निर्देशनालयका अधिकारीहरूका अनुसार यदि समयमै र पर्याप्त मात्रामा मनसुनी वर्षा भएको भए हालसम्म कम्तीमा ९० प्रतिशतभन्दा बढी क्षेत्रफलमा रोपाइँ भइसक्ने अनुमान गरिएको थियो।

समयमा आकाशे पानी नपर्नु, खोलानालामा पानीको बहाव घट्नु र दीर्घकालीन सिँचाइ सुविधाको पहुँच विस्तार हुन नसक्दा यस वर्ष रोपाइँको चक्र नै प्रभावित बन्न पुगेको हो।

प्रदेशमा कुल ३ लाख १ हजार ३ सय ७२ हेक्टर क्षेत्रफल धान खेतीका लागि योग्य मानिन्छ, जसमध्ये हालसम्म २ लाख ४३ हजार ४१ हेक्टर क्षेत्रफलमा मात्र रोपाइँ सकिएको छ । जिल्लागत रूपमा हेर्दा सिँचाइ कुलो र साना सिँचाइ आयोजनाहरूको राम्रो व्यवस्था भएका तथा समयमा वर्षा भएका स्थानहरूमा रोपाइँको स्थिति उत्साहजनक छ । पहाडी जिल्ला रोल्पामा शतप्रतिशत रोपाइँ सम्पन्न भइसकेको छ भने पश्चिम नवलपरासीमा ९७.५ प्रतिशत, रुकुम पूर्व र प्युठानमा ९६ प्रतिशत रोपाइँ सकिएको छ । त्यसैगरी रुपन्देही र बर्दियामा ९५ प्रतिशत, पाल्पामा ८५ प्रतिशत, अर्घाखाँचीमा ८० प्रतिशत, दाङमा ७७ प्रतिशत र गुल्मीमा ७६ प्रतिशत क्षेत्रफलमा रोपाइँ पूरा भइसकेको तथ्याङ्कले देखाउँछ।

तर, प्रदेशका प्रमुख 'अन्नभण्डार' मानिने तराईका मुख्य धान उत्पादक जिल्लाहरू कपिलवस्तु र बाँकेका विशाल फाँटहरूमा भने स्थिति निकै चिन्ताजनक छ। यी दुई जिल्लामा अहिलेसम्म ६० प्रतिशत मात्र रोपाइँ हुन सकेको छ, जसले गर्दा समग्र प्रदेशकै उत्पादन घट्ने खतरा बढेको छ। सिँचाइ सुविधाको पर्याप्त उपलब्धता नहुनु नै रोपाई नसकिनुको प्रमुख कारक बनेको छ। भूमिगत जलसिँचाइ वा कुलोको पहुँच नभएका र पूर्ण रूपमा आकाशे पानीको भर पर्नुपर्ने क्षेत्रका किसानहरू बीउ बुढो हुने चिन्ताका बीच अझै पनि ठूलो र निरन्तरको वर्षाको पर्खाइमा आकाशतर्फ हेर्न बाध्य भएका छन्।

# बीपी स्मृति दिवसमा 'ग्रिन रन' गर्दै कांग्रेस



बुटवल । नेपाली कांग्रेसले जननायक बीपी कोइरालाको ४४औं स्मृति दिवसका असरमा यही साउन ६ र ७ गते विभिन्न कार्यक्रमहरु आयोजना गर्दैछ।

यसै सन्दर्भमा कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले जलवायु जनचेतना जगाउन यही साउन ६ गते बिहान काठमाडौँ उपत्यकामा 'ग्रिन रन' आयोजना गर्ने भएको छ।

कांग्रेसद्वारा आयोजित पत्रकार सम्मेलनमा उपसभापति एवं प्रतिष्ठानका प्रमुख विश्वप्रकाश शर्माले 'जलवायु जनचेतना जगाउन जुटौं' नाराका साथ पाँच किमी दौड आयोजना गर्न लागेको जानकारी दिए।

"दौड लगत्तै जावलाखेल चोक, फाल्चामा 'जलवायु परिवर्तनको चुनौती : निराकरण कसरी' शीर्षकमा विज्ञहरुसहितको समूहगत छलफल हुनेछ," उपसभापपति शर्माले भने- "समूहगत छलफल चलिरहँदा, सोही स्थलमा जलवायु परिवर्तनका चुनौती र सम्भावना झल्काउने चित्रहरु सुपरिचित चित्रकारहरुद्वारा पेन्टिङ गरिनेछन् ।"

यसैगरी साउन ७ गते पार्टीको नविन अभियान घोषणासहितको कार्यक्रम हुनेछ। कांग्रेसले 'ग्रीन रन' मा सहभागी हुनेको संख्याका आधारमा प्रतिव्यक्ति निश्चित रकम आफ्नो कोषबाट रकम जम्मा गरेर एक 'मानवीय सहयोग कोष' खडा गर्ने जनाएको छ। सो कोषको रकम पछिल्लो समय विस्थापित गरिएका सुकुम्वासी परिवारका वृद्ध र बालबालिकाको हितमा खर्च गरिने उनले उल्लेख गरे ।

यसैगरी पार्टीले सोही दिन राष्ट्रिय सभागृहमा 'नवीन परिस्थिति : नवीन संकल्प, नवीन अभियान' विषयक विचार गोष्ठी आयोजना गर्ने पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

सञ्चारकर्मीको जिज्ञासामा उपसभापति शर्माले पार्टीको आगामी १५औँ महाधिवेशनमा सबैलाई सहभागी गराएर जाने कुराले सार्थकता पाउने बताए । त्यस्तै प्रदेश सरकारमा सहकार्य गर्ने बारेमा समेत छलफल भइरहेको बताउँदै उनले कुनै पनि संसद प्रतिपक्षविहीन हुन नहुने उल्लेख गरे ।

# डुबान प्रभावितलाई कपडा बैंकद्वारा तीस सेट सिरक–डसना वितरण



बुटवल । अविरल वर्षापछि आएको डुबानबाट प्रभावित काठमाडौंको गोंगबु क्षेत्रका नागरिकलाई कपडा बैंकले ३० सेट सिरक डसना सहयोग गरेको छ। टोखा नगरपालिका वडा नं. ९ को माग अनुसार सिरक डसना वितरण गरिएको हो । टोखा ९ वडा अध्यक्ष रामभक्त घिमिरेका रोहबरमा डुबान प्रभावितलाई सिरक डसना वितरण गरिएको कपडा बैंकका सञ्चालक कमल जिसीले जानकारी दिए। वडाध्यक्ष घिमिरेले विपद्को समयमा प्रभावित नागरिकलाई तत्काल निशुल्क सिरक डसना उपलब्ध गराई राहत पुऱ्याएकोमा कपडा बैंकको सराहना गरे । वितरण गरिएका सिरक डसना कपडा बैंकले संकलन गरेका प्रयोगयोग्य कपडालाई प्रशोधन (रिसाइकल) गरी तयार पारेको कपडा बैंकका सञ्चालक जिसीले बताए। कपडा बैंकले यसअघि जेन जी आन्दोलनका क्रममा विस्थापित भएका दर्जनौं प्रहरी कार्यालयहरुलाई २ हजार २ सय ६० सेट सिरक, डसना, सिरानी र ब्ल्याङकेट वितरण गरिएको जिसीले बताए।

कपडा बैंकले प्रयोगविहीन नयाँ र केही समय मात्र प्रयोग भएर थन्काइएको कपडालाई क्लोथ बैंकमार्फत् संकलन गरी प्रशोधन गरेर नयाँ बनाई निःशुल्क वितरण गर्दै आएको छ।

सञ्चालक जिसीका अनुसार क्लोथ बैंक स्थापना भएको साढे दुई वर्षमै १ लाख ६२ हजार ६ सय ४२ जनाले निःशुल्क कपडा प्राप्त गरिसकेका छन्।

वितरण गरिएका कपडा तथा सामग्रीको अनुमानित मूल्य करिब ६० करोड रुपैयाँ बराबर पुगेको छ।

डुबान, बाढी, पहिरो, आगलागी वा अन्य प्राकृतिक विपद्का बेला संस्थाले तत्काल कपडा, सिरक, डसना, सिरानी, ब्ल्याङकेटलगायतका सामग्री ठूलो परिमाणमा उपलब्ध गराउने क्षमता विकास गरिसकेको छ।

संस्थाले एकै दिनमा १० हजार जोर कपडा उपलब्ध गराउन सक्ने क्षमता बनाएको जिसीले बताए। क्लोथ एन्ड फुड बैंक देशका करिब ३० जिल्लाका ६४ स्थानीय तह तथा विभिन्न सामाजिक संस्थाको सहकार्यमा १०५ भन्दा बढी कपडा बैंक (ड्रप बक्स) सञ्चालनमा छन्। काठमाडौं उपत्यकामा मात्रै ३८ वटा सेवा केन्द्र सञ्चालन भइरहेका छन्।

# कारागारका कैदीबन्दीलाई स्थानीय तहबाट सहयोग



अर्घाखाँची। अर्घाखाँची जिल्ला कारागारका रहेका कैदीबन्दीको दैनिक जीवनयापनलाई सहज बनाउन सन्धिखर्क नगरपालिका र शीतगंगा नगरपालिकाले आवश्यक भौतिक सामग्री उपलब्ध गराएका छन् ।

दुवै स्थानीय तहले कारागारमा खाना पकाउन आवश्यक पर्ने भाँडाकुँडा तथा कैदीबन्दीलाई सुत्नका लागि खाट हस्तान्तरण गरेका हुन् । कारागारमा आधारभूत सुविधाको अभावलाई केही हदसम्म सम्बोधन गर्ने उद्देश्यले उक्त सहयोग गरिएको जनाइएको छ । सामग्री हस्तान्तरण कार्यक्रममा जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख जीवनारायण कोइराला, सन्धिखर्क नगरपालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठ, शितगंगा नगरपालिकाका प्रमुख छविलाल पौडेल, पाणिनि गाउँपालिकाका अध्यक्ष टेकराज न्यौपाने, उपाध्यक्ष नर्मदा पौडेल तथा प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदी, प्रहरी नायब उपरिक्षक दिवश जिसिलगायतको सहभागिता रहेको थियो ।

सन्धिखर्क नगरपालिकाका नगर प्रमुख श्रेष्ठले कारागारमा रहेका कैदीबन्दी पनि राज्यका नागरिक भएकाले उनीहरूका आधारभूत आवश्यकताको सम्बोधन गर्न स्थानीय तहले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत सहयोग गरेको बताए ।

सहयोगबाट कारागारभित्र खाना पकाउने तथा बसोबासको व्यवस्थापनमा सहजता आउने विश्वास व्यक्त गरिएको छ ।




आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि

सधैं हामीलाई सम्झनुहोस् !

आइडिया

डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

बालबालिकालाई डिजिटल जोखिमबाट सुरक्षित गरौं

- बालबालिकालाई सुरक्षित र जिम्मेवार डिजिटल प्रयोगबारे सचेत गराऔं,
- व्यक्तिगत विवरण, पासवर्ड र गोप्य जानकारी सुरक्षित राख्न सिकाऔं,
- अपरिचित व्यक्तिसँग अनलाइन सम्पर्क गर्दा सावधानी अपनाऔं,
- शंकास्पद लिङ्क, सन्देश र सामग्रीबाट टाढा रहन प्रेरित गरौं,
- इन्टरनेट प्रयोगमा अभिभावकीय निगरानी र संवाद बढाऔं,
- सामाजिक सञ्जालको सकारात्मक र मर्यादित प्रयोग गरौं,
- अनलाइन दुर्व्यवहार भए/गरेको पाइएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं।

प्रविधिको सही प्रयोगमार्फत बालबालिकाको सुरक्षित भविष्य निर्माण गरौं।

नेपाल सरकार विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com